नेपाल सरकार

श्री विकास निर्माण तथा स्थपति महानिर्देशनालय

जङ्गी अड्डा, भद्रकाली, काठमाण्डौं

सिलबन्दी बोलपत्र आव्हानको सूचना

कल्याणकारी योजनातर्फको सूचना नं.८।०६८।६९

(प्रथमपटक प्रकाशित मिति २०६८।१२।४ गते)

नेपाली सेनाको कल्याणकारी योजना अन्तर्गत आ.व.२०६८।६९ को स्वीकृत कार्यक्रम अनुसार तल तोकिए बमोजिमको निर्माण कार्य बोलपत्रको माध्यामबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायी फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फारम खरिद गर्न ईच्छुक फर्महरुले सम्बन्धित फर्मको लेटरप्याडमा अधिकारप्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदनपत्रसाथ आ.व.२०६८।६९ को लागि नविकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा नं. एवं आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०६७६८ सम्मको करचुक्ता गरेको प्रमाणपत्रको साथै सम्बन्धितको नागरिकताको प्रमाणपत्र र फर्म सम्बन्धी अन्य कुनै कागजाद भए सो समेतको प्रमाणित प्रतिलिपि (जो बोलपत्र फारम खरिद प्रयोजनको लागि मात्र मान्य हुनेछ) प्रत्येक ठेक्का प्याकेज समूहको लागि छुट्टाछुट्टै संलग्न राखी सो सहित तल उल्लेखित रकम फिर्ता नहुने गरी यस महानिर्देशनालयको खरिद शाखामा नगदै बुझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिनसम्म कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ । **बोलपत्र फारम खरिद गर्दा सोही प्रकृतिको कुनै तीन वर्ष कार्य गरेको प्रमाणपत्र अनिवार्य पेश गरेको हुनु पर्नेछ ।**

२. खरिद गरिएका बोलपत्रहरु यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२०० बजेभित्र यस महानिर्देशनालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस महानिर्देशनालयको खरिद शाखामा दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएको बोलपत्रहरु सोही दिनको १४०० बजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्बन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ । फर्मको प्रतिनिधिको रुपमा कुनै व्यक्ति पठाउनु पर्ने भएमा रीतपूर्वकको मञ्जुरीनामा सहित पठाउनु पर्नेछ ।

४. बोलपत्र जमानत वापत तल उल्लेखित रकममा नघटाई नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्गस्थित यस महानिर्देशनालयको धरौटी खाता नं.००१-२६०५३४० मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस महानिर्देशनालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरी ठेक्का प्याकेज नं.१३।०६८।६९ को हकमा १२० दिन र ठेक्का प्याकेज नं.१४।०६८।६९ को हकमा १५० दिनसम्म म्याद भएको जमानीपत्र (Bidbond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । अन्यथा बोलपत्र अयोग्य हुनेछ ।

५. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिका राम्रोसंग अध्ययन गरी सम्पन्न गर्नुपर्ने कामको बिवरण, लोकेशन, भौगोलिक अवस्था आदि सबै पक्षमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ । बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्ने र तोकिएको कार्यालयबाट बिक्री भएको बोलपत्र फारममा भरी प्रत्येक पृष्ठमा सहिछाप गरी पेश गर्नु पर्नेछ । सिलबन्दी बोलपत्रदाताको ग्राह्यता (Eligibility) प्रमाणित गर्ने कागजादहरु सिलबन्दी बोलपत्रसाथ (सिलबन्दी खामभित्रै) संलग्न हुनु पर्नेछ

६. संयुक्त उपक्रम (Joint Venture) मा काम गर्न चाहने व्यावसायीले संयुक्त लगानी सम्बन्धी सम्झौताको सक्कल प्रति पेश गर्नुपर्नेछ र संयुक्त उपक्रममा साझेदारहरुको संख्या २ भन्दाबढी भएमा स्वीकार गरिने छैन ।

७. दर्ता भएको बोलपत्रको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट ठेक्का प्याकेज नं.१३।०६८।६९ को हकमा ९० दिनको र ठेक्का प्याकेज नं.१४।०६८।६९ को हकमा १२० दिनको हुनेछ ।

८. कुनैपनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आशिंकरुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस महानिर्देशनालयमा निहीत रहनेछ ।

९. कामको गुणस्तरलाई कडाईका साथ नियन्त्रण गरिनेछ । तोकिएको गुणस्तर कायम गर्नको लागि प्रयोगशाला परीक्षण समेत गरिनेछ र सो सम्बन्धी लाग्ने खर्च निर्माण व्यवसायी स्वयम्ले व्यहोर्नु पर्नेछ । योग्यताको लागि नक्कली कागजाद पेश गरिएको पाईएमा निज बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालोसूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिश गरिनेछ ।

१०. बोलपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको व्यहोराहरुको हकमा नेपालको प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार हुनेछ ।

११. रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस महानिर्देशनालयको खरिद शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ । यो सूचना नेपाली सेनाको वेवसाईट www.**nepalarmy**.mil.np मा पनि हेर्न सकिनेछ ।

सिलबन्दी बोलपत्रको बिवरण

क्र. सं.	ठेक्का प्याकेज नं.	कामको बिवरण	निर्माण स्थान	पेश गर्नुपर्ने बोलपत्र जमानत रकम रु.	बोलपत्र फारम दस्तुर रु.	कै.
१	**13/068/69**	नेपाली सेनाका भुतपूर्वक अधिकृतहरुको लागि वासस्थान निर्माण कार्य ।	काठमाण्डौं उपत्यकाभित्र ।	१८,००,०००।००	३,०००।००	
२	**14/068/69**	अस्पतालको वहिरंग भवन निर्माण कार्य ।	छाउनी, काठमाण्डौं ।	५४,००,०००।००	६,०००।००	